# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०९।२२ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला भोजपुर, साविक दुम्माना गाउँ विकास समिति हाल आमचोक गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, बालंखामा मृत व्यक्तिहरुको नागरिकता पेश गरी सामाजिक सुरक्षा भत्ता रकम हिनामिना गरेको भन्ने उजुरीको अनुसन्धान हुँदा निजहरुले गैरकानूनी तवरबाट आफूहरुले फाइदा लिने बदनियतले मिलेमतोमा मृत्यु एंव बसाइसराइ गरिसकेका व्यक्तिहरुसमेतको नाममा सामाजिक सुरक्षा भत्ता रकम निकासा गरी ती व्यक्तिहरुको फर्जी औंठाछाप लगाई रकम झिकी, खाइमासी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको निर्विवाद रुपमा पुष्टि हुन आएकोले उक्त कार्यमा संलग्न रहेका देहाय बमोजिमका ३ जना व्यक्तिहरु उपर देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजायको मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.नं. | नामथर | पद | कार्यालय | बिगो | सजायको मागदावी |
|---|---|---|---|---|---|
| १. | रेवती कुमार कोइराला | तत्कालीन गा.वि.स. सचिव | साविक दुम्माना गाउँ विकास समिति | रु.८३,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम सजाय र सोही ऐनको दफा १७ बमोजिम निजबाट असुल उपर हुन मागदाबी |
| २. | मनिष चौधरी | " | " | रु.२,५०,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय र सोही ऐनको दफा १७ बमोजिम निजबाट असुल उपर हुन मागदाबी |
| ३. | टेक बहादुर श्रेष्ठ | तत्कालीन कार्यालय सहयोगी | " | रु.२,२७,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७, दफा ३ उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) ले हुने सजायमा सोही ऐनको दफा २२ को प्रतिबन्धांत्मक वाक्यांश बमोजिम सजाय हुन मागदाबी |

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता